# भूमिकास्थान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१।०८२

## ईन्टरनेट जडान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१।०४।०१

यस भूमिकास्थान नगरपालिकामा रहेका १० वटा वडा कार्यालयहरु, ६२ वटा विद्यालयहरु र १३ वटा स्वास्थ्य संस्थाहरु गरी जम्मा ८५ वटा कार्यालयहरुमा देहायको शर्तको अधिनमा रही ईन्टरनेट जडान गरी सेवा प्रदान गर्न ईन्छुक ईन्टरनेट सेवा प्रदायक आफै उपस्थित भई वा bhumikasthanmun.gov.np मा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र के कति दरभाउमा सेवा उपलव्ध गराउन सक्ने हो सो सम्बन्धी BOQ भरि पेश गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सर्तहरु

१. प्रत्येक वडा कार्यालय; विद्यालय र स्वास्थ्य संस्थाहरुमा 50Mbps(Corporate Package) क्षमता बराबरको ईन्टरनेट सेवा प्रदान गर्नु पर्ने छ ।

२. विद्यालयको हकमा कार्यक्रम कार्यान्नवयन निर्देशिका २०८१/०८२ बमोजिम हुने गरि जडान गरिनेछ ।

३. ईन्टरनेट सेवा प्रदायकले नियमित रुपमा ईन्टरनेट सेवा उपलव्ध गराउनु पर्ने छ। केहि विशेष कारणवश सम्झौता अवधिभित्र लगातार २ दिन भन्दा बढी अवधिसम्म सेवा अवरुद्ध हुन गएमा सेवा प्रदायकले कार्यालयलाई ईन्टरनेट अवरुद्ध हुन गएको दिनको रकम भुक्तानी गर्नु पर्ने छ।

४. सेवा प्रदायकले सेवाको चेकजाँच गरी सेवालाई निरन्तररुपमा उपलव्ध गराउनु पर्ने छ। भूमिकास्थान नगरपालिकाको लागि छुट्टै Technician कर्मचारीको ब्यवस्था गर्नु पर्नेछ। उक्त कार्यको लागि थप शुल्क माग गर्न पाईने छैन ।

५. कार्यालयले ईन्टरनेटको Speed घटी वा बढी गर्न आवश्यक ठानेमा थप कार्यादेश दिई सेवा लिन सक्नेछ ।

६. सेवा प्रदायकले सबै कार्यालयहरुलाई सम्झौता गरेको ७ दिन भित्र सेवा सुचारु गर्नुपर्नेछ । र उक्त कार्य ०८२ असार मसान्तसम्म निरन्तर रुपमा सेवा प्रदान गर्नु पर्ने छ ।

७. ईन्टरनेट सेवा बापतको रकम कार्यालयले सेवा प्रदायकलाई त्रैमासिक रुपमा भुक्तानी गर्ने छ । सेवा प्रदायकले रकम भुक्तानी माग गर्दा अनिवार्य रुपमा तल उल्लेखित कागजपत्र संलग्न गर्नु पर्ने छ ।
क. कार्यालय र सेवा प्रदाय विचको सम्झौता पत्र र
ख. प्रत्येक वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुको छुट्टा छुट्टै प्रत्येक महिनाको बुझिने गरि ईन्टरनेटको Ledger पेश गर्नु पर्ने छ।

८. सेवा प्रदायकले दरभाउ पेश गर्दा निवेदन सहित अनिवार्य रुपमा कम्पनी दर्ता प्रमाण पत्र, कर/भ्याट प्रमाण पत्र, र कर चुक्ता प्रमाणपत्र संलग्न गर्नु पर्ने छ।

९. प्रत्येक वडा, विद्यालय र स्वास्थ्य संस्थामा internet सेवा सूचारु भएको छ वा छैन भन्ने real-time system नगरपालिकाबाट नै हेर्न मिल्ने व्यवस्था गर्नु पर्ने छ ।

१०. चित्त बुझदो सेवा नभएमा कार्यालयले जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ ।

११. यस सूचनामा उल्लेख नभएको विषय प्रचलित ऐन अनुसार हुनेछ ।

१२. सेवा जडान गर्दा कामदार वा अन्य कसैलाई चोट पटक लागेमा वा कुनै किसिमको क्षति भएमा त्यसको जवाफदेही सेवा प्रदायक स्वयंम हुनुपर्नेछ ।

१३. सेवा प्रदायकले कुनै कारणवश सेवा उपलव्ध गराउन असर्मथ रहने भएमा सेवा असर्मथताको मिति भन्दा ३ महिना अगावै नगरपालिकालाई लिखित रुपमा जानकारी गराउनु पर्ने छ।

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**Bhumikasthan Municipality**
**Office Of The Municipal Executive**
**Nuwakot, Arghakhanchi**

**Lumbini Province, Nepal**

# Bill of Quantity

**Project Name:** Supply of Internet Services

**Description of Goods:-** Installation and service provide of internet services

| SN | Description Of Works | Quantity | Unit | Rate | | Total Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In figure | In words | | |
| | Internet Services | | | | | | |
| 1 | Yearly Internet Services charge for one connection | 85 | Connection | | | | |
| | Installation (Connection Stablish)Charge | 85 | Connection | | | | One time charge & VAT not include in installation charge |
| | Total Amount | | | | | | |
| | VAT @ 13% | | | | | | |
| | Grand Total | | | | | | |

Name Of Company:
Address:

CamScanner